नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

पुल्चोक, ललितपुर

## सूची दर्ता गर्ने सम्वन्धी सूचना

प्रकाशित मिति : २०७५/०३/१५

यस विभागबाट आ.व.२०७५/७६ मा हुने खरिद कार्यका लागि सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) को नियम १८ बमोजिम खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने भएकोले उक्त सूचीमा संलग्न हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई आफूले सूचीकृत हुन चाहेको शीर्षक समेत स्पष्ट रुपमा खोली सूचना प्रकाशित मितिले १५ दिन भित्र रु.१०/-को टिकट टाँसी सो नियमावलीको अनुसूची २ क बमोजिमको ढाँचामा रीतपूर्वकको आवेदन दिनुहुन सूचित गरिएको छ।

खरिद गर्नुपर्ने वस्तु वा सेवा शीर्षकहरु

क) सामान खरिद तथा आपूर्तितर्फ

१. मसलन्द तथा कार्यालय सामान
२. कम्प्यूटर, मेशीनरी उपकरण, प्रिन्टर, फोटोकपी, यूपिएस
३. इलेक्ट्रोनिक्स तथा ईलेक्ट्रिकल्स सामान
४. खानेपानी
५. छपाई सम्वन्धी कार्य
६. पत्रपत्रिका तथा पुस्तक
७. मोटरगाडी तथा मोटरसाईकल पार्टपूर्जा
८. कार्यालय पार्टेशन, फर्निसिङ, फ्लोरिङ, फर्निचर एवं फिक्चर्स
९. सार्वजनिक निर्माण

ख) मर्मत तर्फ

१. सवारी साधन मोटर, मोटरसाईकल
२. कम्प्यूटर हार्डवेयर, सफ्टवेयर, नेटवर्किङ
३. इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल
४. भवन तथा भौतिक संरचना
५. फर्निचर
६. धारा, पानी तथा ढल

ग) परामर्शदाता तथा अन्य सेवा

१. सचेतनामूलक श्रव्य दृष्य सामाग्री उत्पादन वितरण तथा प्रसारण
२. क्षमता विकास सम्वन्धी तालीम/कार्यक्रम संचालन
३. सरसफाई
४. बगैंचा सम्भार
५. विज्ञापन प्रकाशन, प्रसारण
६. सफ्टवेयर निर्माण
७. कुरियर सेवा
८. हवाई तथा अन्य यातायात (ट्राभल एजेन्सी)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

९. सूचना प्रविधि सम्वन्धी विभिन्न परामर्श सेवा
१०. इन्टरनेट तथा नेटवर्किङ सम्वन्धी
११. जनचेतना सम्वन्धी तालीम अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन
१२. सम्पत्ति शुद्धीकरण सम्वन्धी विभिन्न अनुसन्धानका लागि अर्थशास्त्री, लेखा, चार्टर्ड एकाउन्टेन्ट, सूचना प्रविधि विज्ञ, फोरेन्सिक वैज्ञानिक, कानूनविद, सम्पत्ति शुद्धीकरण विज्ञ, वित्तीय क्षेत्रका विज्ञहरुबाट परामर्श सेवा वा सम्पत्ति मूल्यांकनकर्ता (Valuator)
१३. सम्पत्ति शुद्धीकरण सम्वन्धी अध्ययन तथा अनुसन्धान डकुमेन्ट्स निर्माण, परिमार्जन तथा अंग्रेजी/नेपाली एवं अन्य भाषाका अनुवाद/सम्पादन सम्वन्धी कार्य

१. आवेदनसाथ निम्नानुसारका कागजातका प्रतिलिपीहरु १/१ प्रति संलग्न गर्नुपर्नेछ।
   क. आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र,
   ख. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र,
   ग. प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने आ.व. २०७३/७४ सम्मको कर चुक्ता प्रमाण,
   घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
   ङ. सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण,
२. रित नपुगेका र समायावधि भित्र प्राप्त नभएका निवेदनहरु सूचिकृत हुने छैन।
३. आवेदनमा कुनै सार्वजनिक निकायसंग संझौता बमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बांकी कर, दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानून बमोजिम त्यस्तो काम गर्न प्रतिवन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्नेछ।
४. यस बमोजिम सूचिकृत हुँदैमा कुनै फर्म, संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी खरिद सम्वन्धी कारवाहीमा सहभागी हुन सक्नेछैन। मौजुदा सूचीमा सूचिकृत भएकाहरु मध्ये विभागले आफ्नो अनुकुल हुनेगरि खरिद कार्यमा सहभागी गराउन सक्ने छ।
५. सूचिकृत भएको फर्म, संघ/संस्था वा व्यक्तिले यस विभागको खरिद सम्वन्धी कार्यमा संलग्न भएमा प्रचलित कानून बमोजिम कर बिजक जारी गर्नुपर्नेछ।
६. सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित कानून बमोजिम कुनै निकायमा सम्झौता गरि लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्वन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचीबाट हटाउन सक्नेछ।
७. यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित कानून बमोजिम हुनेछ।

२०७८/५/१४